# अर्थमन्त्रालय (आय–विभाग) को सूचना

भन्सार महसूल लिनेबारे स्पष्टीकरण

संख्या ११, गृ. प्र. वि. ६११७२०५ मिति ८।३।०११

'कल मेशीन' र 'बिजुलीको सामान' को अर्थ लगाउनामा ठाउँ ठाउँका बजार भन्सार अधिकारीहरू र दुनियाँमा मतभेद भएको बुझिएकोले देहायका वस्तुहरूमा देहायबमोजिम गरी महसूल लिने स्पष्टीकरण पठाउने ०११।२।३२।२ मा निर्णय भएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

अरू बिजुलीको माल भनी हिटर, पङ्खा, इस्त्री, कुकर, रिफ्रिजेटर, प्रोजेक्टर आदि आनन्द–प्रद ( Luxurious ) सामानलाई मोलको १० प्रतिशत महसूल लिनू । बिजुली उत्पादन गर्ने वा बिजुलीद्वारा प्रयोगमा ल्याइने जुनसुकै कल मेशीनमा पनि उद्योग धन्दामा लगाइने वस्तु रहेछ भने मेशीन ज्याभलको दरबन्दी बमोजिम मोलको शयकडा १ प्रतिशत महसूल लिनू ।

आज्ञाले —

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी— अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।